# नेपाल राजपत्र

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३४) काठमाडौं, कात्तिक २७ गते २०४१ साल (अतिरिक्ताङ्क ४१ (ख)

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४१ सालको ऐन नं. १७

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## केही नेपाल ऐनहरूलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : केही नेपाल ऐनहरूलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "केही नेपाल ऐन (संशोधन) ऐन, २०४१" रहेको छ ।

(२) यो ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. गाउँ पञ्चायत ऐन, २०१८ मा संशोधन : गाउँ पञ्चायत ऐन, २०१८ को,–

(१) दफा ६ ख. को सट्टा देहायको दफा ६ ख. राखिएको छः–

"६ ख. गाउँसभाको काम, कर्तव्य र अधिकार : गाउँसभाको काम, कर्तव्य र अधिकार प्रचलित कानूनबमोजिम हुनेछ ।"

(२) दफा १३ मा रहेको "वा मनोनीत" भन्ने शब्दहरू झिकिएका छन् ।

(३) दफा १६ को सट्टा देहायको दफा १६ राखिएको छः–

"१६. प्रधानपञ्चको काम, कर्तव्य र अधिकार : प्रधानपञ्चको काम, कर्तव्य र अधिकार प्रचलित कानूनबमोजिम हुनेछ ।"

(४) दफा २० को सट्टा देहायको दफा २० राखिएको छः–

"२०. उप-प्रधानपञ्चको काम, कर्तव्य र अधिकार : उप-प्रधान-पञ्चको काम, कर्तव्य र अधिकार प्रचलित कानूनबमोजिम हुनेछ ।"

(५) दफा २६ को सट्टा देहायको दफा २६ राखिएको छः–

"२६. गाउँ पञ्चायतको काम, कर्तव्य र अधिकार : गाउँ पञ्चायतको काम, कर्तव्य र अधिकार प्रचलित कानूनबमोजिम हुनेछ ।"

(६) दफा ४० क. को उप-दफा (२) मा रहेको "र कार्यविधि तोकिए" भन्ने शब्दहरूको सट्टा "प्रचलित कानून" भन्ने शब्दहरू राखिएका छन् ।

(७) दफा ६२ को उप-दफा (१) र उप-दफा (१क) मा रहेको "नियमहरू" भन्ने शब्दपछि "वा प्रचलित कानून" भन्ने शब्दहरू थपिएका छन् ।

(८) दफा २६ क, ३०, ३२, ३३, ३८ र ४० खारेज गरिएका छन् ।

३. नगर पञ्चायत ऐन, २०१६ मा संशोधन : नगर पञ्चायत ऐन, २०१६ को,–

(१) दफा ८ को सट्टा देहायको दफा ८ राखिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ५४८

"८. नगरसभाको काम, कर्तव्य र अधिकार : नगरसभाको काम, कर्तव्य र अधिकार प्रचलित कानूनबमोजिम हुनेछ ।"

(२) दफा ९ को उप-दफा (५) मा रहेको "जिल्ला कार्यालयले" भन्ने शब्दहरूको सट्टा "जिल्ला पञ्चायत सचिवालयले" भन्ने शब्दहरू राखिएका छन् ।

(३) दफा १७ को सट्टा देहायको दफा १७ राखिएको छः–

"१७. नगर पञ्चायतको काम, कर्तव्य र अधिकार : नगर पञ्चायतको काम, कर्तव्य र अधिकार प्रचलित कानूनबमोजिम हुनेछ ।"

(४) दफा २८ क. को सट्टा देहायको दफा २८ क. राखिएको छः–

"२८क. वडा समितिको काम, कर्तव्य र अधिकार : वडा समितिको काम, कर्तव्य र अधिकार प्रचलित कानूनबमोजिम हुनेछ ।"

(५) दफा २९ को सट्टा देहायको दफा २९ राखिएको छः–

"२९. प्रधानपञ्चको काम, कर्तव्य र अधिकार : प्रधानपञ्चको काम, कर्तव्य र अधिकार प्रचलित कानूनबमोजिम हुनेछ ।"

(६) दफा ३० को सट्टा देहायको दफा ३० राखिएको छः–

"३०. उप-प्रधानपञ्चको काम, कर्तव्य र अधिकार : उप-प्रधानपञ्चको काम, कर्तव्य र अधिकार प्रचलित कानूनबमोजिम हुनेछ ।"

(७) दफा ३२ को सट्टा देहायको दफा ३२ राखिएको छः–

"३२. प्रधान अधिकृतको काम, कर्तव्य र अधिकार : प्रधान अधिकृतको काम, कर्तव्य र अधिकार प्रचलित कानूनबमोजिम हुनेछ ।"

(८) दफा ४४ को उप-दफा (१) र उप-दफा (१क) मा रहेको "नियमहरू" भन्ने शब्दपछि "वा प्रचलित कानून" भन्ने शब्दहरू राखिएका छन् ।

(९) दफा २५, २६, २७, २८ र ३५ खारेज गरिएका छन् ।

४. जिल्ला पञ्चायत ऐन, २०१९ मा संशोधन : जिल्ला पञ्चायत ऐन, २०१९ को,–

(१) दफा १३ को सट्टा देहायको दफा १३ राखिएको छः–

"१३. जिल्लासभाको काम, कर्तव्य र अधिकार : जिल्लासभाको काम, कर्तव्य र अधिकार प्रचलित कानूनबमोजिम हुनेछ ।

४९८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) दफा १५ को उप-दफा (५) मा रहेको "सभापति वा" भन्ने शब्दहरू पछि "उप-सभापति वा" भन्ने शब्दहरू राखिएका छन् ।

(३) दफा २३ को सट्टा देहायको दफा २३ राखिएको छः–

"२३. जिल्ला पञ्चायतको काम, कर्तव्य र अधिकार : जिल्ला पञ्चायतको काम, कर्तव्य र अधिकार प्रचलित कानूनबमोजिम हुनेछ ।"

(४) दफा २७ को सट्टा देहायको दफा २७ राखिएको छः–

"२७. सभापतिको काम, कर्तव्य र अधिकार : सभापतिको काम, कर्तव्य र अधिकार प्रचलित कानूनबमोजिम हुनेछ ।"

(५) दफा २८ को सट्टा देहायको दफा २८ राखिएको छः–

"२८. उप-सभापतिको काम, कर्तव्य र अधिकार : उप-सभापतिको काम, कर्तव्य र अधिकार प्रचलित कानूनबमोजिम हुनेछ ।"

(६) दफा २९ को उप-दफा (१) को सट्टा देहायको उप-दफा (१) राखिएको छः–

"(१) स्थानीय विकास अधिकारी सम्बन्धित जिल्ला पञ्चायतको सचिव हुनेछ र निजले सभापतिको सामान्य रेखदेखमा रही काम गर्नेछ ।"

(७) दफा ३१ को उप-दफा (३) को सट्टा देहायको उप-दफा (३) राखिएको छः–

"(३) जिल्ला पञ्चायतका सबै कर्मचारीहरू स्थानीय विकास अधिकारीको मातहतमा रहनेछन् ।"

(८) दफा ४० को उप-दफा (१) र उप-दफा (१क) मा रहेको "नियमहरू" भन्ने शब्दपछि "वा प्रचलित कानून" भन्ने शब्दहरू थपिएका छन् ।

(९) दफा २४, २५, २६ र ३० खारेज गरिएका छन् ।

५. पञ्चायत विकास तथा जग्गा कर ऐन, २०२२ मा संशोधन : पञ्चायत विकास तथा जग्गा कर ऐन, २०२२ को,–

(१) दफा ३ को उप-दफा (१) मा रहेको "स्थानीय पञ्चायतले" भन्ने शब्दहरूपछि "विकेन्द्रीकरण ऐन, २०३९ को अधीनमा रही" भन्ने शब्दहरू थपिएका छन् ।

(२) दफा ३ को उप-दफा (३) झिकिएको छ ।

(३) दफा ८ को सट्टा देहायको दफा ८ राखिएको छः–

"८. कर रकमको बाँडफाँड : स्थानीय पञ्चायतले यस ऐनबमोजिम असूल भएको कर रकमको पाँच प्रतिशत सर्वसंचितकोषमा,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दश प्रतिशत जिल्ला पञ्चायत कोषमा र पचासी प्रतिशत सम्बन्धित गाउँ वा नगर पञ्चायत कोषमा दाखिला गर्नु पर्नेछ।"

६. स्थानीय प्रशासन ऐन, २०२८ मा संशोधन : स्थानीय प्रशासन ऐन, २०२८ को,–

(१) दफा (५) को उप-दफा (२) मा रहेको "अदालत र रक्षासम्बन्धी कार्यालयहरू" भन्ने शब्दहरूपछि "तथा जिल्ला पञ्चायत सचिवालयको शाखा कार्यालयहरूको रूपमा रहेका कार्यालयहरू" भन्ने शब्दहरू थपिएका छन्।

(२) दफा १० खारेज गरिएको छ ।

७. शिक्षा ऐन, २०२८ मा संशोधन : शिक्षा ऐन, २०२८ को,–

(१) दफा ३ को उप-दफा (२) पछि देहायको उप-दफा (३) थपिएको छः–

"(३) उप-दफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि पूर्व प्राथमिक विद्यालय खोल्ने अनुमति वा स्वीकृति सम्बन्धित जिल्ला पञ्चायतले दिनेछ ।"

(२) दफा १० को सट्टा देहायको दफा १० राखिएको छः–

"१०. जिल्ला शिक्षा कार्यालय : (१) प्रत्येक जिल्लामा एक जिल्ला शिक्षा कार्यालय रहनेछ ।

(२) जिल्ला शिक्षा कार्यालयको प्रमुखको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।"

८. चन्दा ऐन, २०३० मा संशोधन : चन्दा ऐन, २०३० को दफा ३ पछि देहायका दफा ३ क. र ३ ख. थपिएका छन्:–

"३क. स्थानीय पञ्चायतले चन्दा उठाउने सम्बन्धमा : (१) दफा ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि बिकेन्द्रीकरण ऐन, २०३९ बमोजिम स्थानीय पञ्चायतले यस ऐनअन्तर्गत बनेको नियमको अधीनमा रही चन्दा उठाउन श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेछैन ।

(२) उप-दफा (१) बमोजिम स्थानीय पञ्चायतले चन्दा उठाउने सम्बन्धमा दफा ६, ७, १०, ११, १२ र १३ को व्यवस्थाबाहेक यस ऐनको अन्य व्यवस्था लागू हुनेछैन ।

(३) दफा ६, ७ र १० मा उल्लेख भएको "समिति" भन्ने शब्दले यस दफाको प्रयोजनको लागि स्थानीय पञ्चायतलाई जनाउने छ ।"

३ख. परिधिभित्र रहेर मात्र चन्दा उठाउन पाउने : (१) दफा ३ वा दफा ३ क. बमोजिम चन्दा उठाउन पाउने व्यक्ति, समिति, संस्था वा स्थानीय

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पञ्चायतले चन्दा उठाउँदा यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको परिधिभित्र रहेर मात्र चन्दा उठाउन पाउनेछ ।

(२) उप-दफा (१) विपरित हुने गरी कुनै व्यक्ति, समिति, संस्था वा स्थानीय पञ्चायतले चन्दा उठाएमा श्री ५ को सरकारले त्यस्तो व्यक्ति, समिति, संस्था वा स्थानीय पञ्चायतलाई त्यसरी चन्दा उठाउन रोक लगाउने गरी आदेश दिन सक्नेछ ।

(३) उप-दफा (२) बमोजिम दिइएको आदेश पालना नगरेमा सम्बन्धित संस्था वा स्थानीय पञ्चायतले सम्बन्धित प्रचलित कानून अनुसार आफ्नो काम, कर्तव्यको पालना नगरेको मानिनेछ ।"

आज्ञाले,
ध्रुववरसिंह थापा
श्री ५ को सरकारको सचिव

लालमोहर सदर मितिः– २०४१।७।२७।२

४४२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।